(संवत् २०८० साल वैशाख मसान्तसम्म भएका संशोधन मिलाइएको)

# सामाजिक व्यवहार (सुधार) नियमावली, २०३३

नेपाल राजपत्रमा प्रकाशित मिति
२०३३।८।२१

सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सामाजिक व्यवहार (सुधार) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ सम्झनु पर्छ ।

३. **भोजमा बोलाउने नजिकका नातेदारहरुको अधिकतम संख्याः** सामाजिक व्यवहारमा भोजमा आमन्त्रण गर्दा ऐन बमोजिम आमन्त्रण गर्न पाउने इष्टमित्र र छरछिमेकीहरु बाहेक देहायको व्यवहारमा देहायमा लेखिएको भन्दा बढी नजिकको नातेदारलाई आमन्त्रण गर्न हुँदैनः-

| सामाजिक व्यवहार | नजिकको नातेदारको अधिकतम सङ्ख्या |
|---|---|
| (क) विवाह - | सय जना |
| (ख) छैंटी, न्वारान, जन्मदिवस, पास्नी, चूडाकर्म, ब्रतबन्ध र बूढोपास्नी - | पच्चीस जना |
| (ग) पितृकार्य - (मलामी गुठीयार) समेत | पचास जना |

४. **साइपाटा वा सुपारी लाने सम्बन्धमाः** साइपाटा वा सुपारी लाने प्रचलन भएकाहरुले आ-आफनो प्रचलन एवं वैदिक विधि अनुसार चाहिने पूजाको सामान र सुपारी, फलफूल, मिठाई र मसला जस्ता चीजबीजहरु सबै गरी पाँच किस्ती भन्दा बढी लैजान हुँदैन

कानून तथा संसदीय मामिला मन्त्रालय

र त्यसरी साइपाटा वा सुपारी लैजाँदा लुगा वा गहना लैजान हुँदैन ।

५. **स्वयम्बर गर्दाः** स्वयम्बर गर्दा आ-आफ्नो प्रचलन एवं वैदिक विधि अनुसार पूजाआजा गरी दुलहाले दुलहीलाई बढीमा आधा तोलासम्मको सुनको औंठी एउटा वा दुई तोलासम्मको सुनको सिक्री एउटा बाहेक अन्य कुनै किसिमको सामग्री दिन हुँदैन । दुलही तर्फबाट पनि दुलहालाई कुनै किसिमको सामग्री दिन हुँदैन।

(२) स्वयम्बर गर्न जाँदा पुरोहित बाहेक पाँचजना भन्दा बढी व्यक्ति लान हुँदैन ।

६. **विवाहमा लुगा, गहना लैजाने सम्बन्धमाः** जन्त जाँदा दुलहीलाई लुगा गहना लैजाने प्रचलन भएकाहरुले दुलहीलाई तीन जोर भन्दा बढी लुगा र एकसरो भन्दा बढी गहना लैजान हुँदैन ।

७. **जन्तीलाई खुवाउनेः** दुलहीको घरमा रात बस्ने गरी जन्ती आउने व्यक्तिहरुलाई दुलही तर्फबाट दुई छाक भन्दा बढी खुवाउन हुँदैन ।

तर दुलहीकै घरमा विवाह सम्बन्धी प्रायः सबै व्यवहार सम्पन्न गर्नु पर्ने प्रचलन भएकाहरुको हकमा दुलहा समेत बढीमा पाँचजनासम्मलाई दुई छाक भन्दा बढी खुवाउन बाधा पर्ने छैन ।

८. **कन्यादान गर्दाः** कन्यादान गर्दा आ-आफ्नो प्रचलन एवं परम्परा अनुसार नगरी नहुने कार्यसम्म गरी पच्चीस रूपैयाँ भन्दा बढीको सुन दान प्रतिष्ठा गर्नु हुँदैन ।

९. **मुख हेर्न जाँदाः** (१) विवाह पश्चात् छोरीबेटीको मुख हेर्न जाने प्रचलन भएकाहरुले छोरीबेटीको मुख हेर्न जाँदा आ-आफ्नो प्रचलन एवं परम्परा अनुसार दही, माछा, मसला, मिठाई र फलफूल जस्ता चीजबीजहरु सबै गरी बढीमा पाँच किस्ती र

छोरीबेटीलाई एक जोर लुगा बाहेक अन्य कुनै किसिमको सामग्री लैजान हुँदैन ।

(२) मुख हेर्न जाँदा बीसजना भन्दा बढी व्यक्ति लैजान हुँदैन ।

(३) दश रूपैयाँ भन्दा बढी राखी मुख हेर्न हुँदैन ।

१०. **सम्धी सम्धिनीको ढोग भेटः** विवाह पश्चात् सम्धी सम्धिनीको ढोग भेट गर्दा दुलही पक्षका सम्धी सम्धिनीले दुलहा पक्षका सम्धी सम्धिनीलाई एक रुपैयाँ भन्दा बढी राखी ढोग भेट गर्नु हुँदैन ।

११. **दुलान फर्काउँदा वा दुरागमन गर्दाः** आफ्ना छोरीबेटी र दुलहालाई घर फर्काउँदा आ-आफ्नो प्रचलन एवं परम्परा अनुसार बढीमा पाँच किस्तीसम्म खाने कुरा र दुलहालाई एक जोर लुगा बाहेक अन्य कुनै किसिमको सामग्री दिन हुँदैन ।

१२. **तीजमा दर पठाउनेः** तीज पर्वमा दर पठाउँदा आ-आफ्नो प्रचलन एवं परम्परा अनुसार मिठाई र फलफूल जस्ता चीजबीजहरु सबै गरी बढीमा दुई किस्ती बाहेक अन्य कुनै सामग्री पठाउन हुँदैन।

१३. **आमा बाबुको मुख हेर्नः** मातातीर्थ औंसी, गोकर्ण औंसीमा आमा बाबुको मुख हेर्न जानेले मिठाई र फलफूल जस्ता चीजबीचहरु सबै गरी बढीमा एक किस्ती बाहेक अन्य कुनै सामग्री लैजान हुँदैन ।

१४. **भाइटीका गर्दाः** भाइटीकामा दिदी वहिनीले प्रत्येक दाजु भाइलाई आ-आफ्नो प्रचलन एवं वैदिक विधिअनुसार चाहिने सगुनको सामान बाहेक फलफूल, मिठाई र मसला आदि समेत गरी एक किस्ती भन्दा बढी लैजान हुँदैन ।

१५. **सगुन लाने सम्बन्धमाः** पास्नी, ब्रतबन्ध, चुडाकर्म र विवाहको उपलक्ष्यमा सगुन लाने प्रचलन भएकाहरुले मामा र फुपू खलक बाहेक अरुले सगुन लैजान हुँदैन ।

कानून तथा संसदीय मामिला मन्त्रालय

१६. **दान आदि गर्नेः** मृत्यु उप्रान्त तेह् दिनसम्म दान आदि गर्दा चल अचल, चौपाया समेत गरी दुई हजार रुपैयाँ भन्दा बढीको दान दक्षिणा दिन हुँदैन ।

१७. **काम गर्ने व्यक्ति, भरिया आदि गणना नगर्नेः** (१) जन्ती साथ जाने भरियाहरुलाई जन्तीको सङ्ख्यामा गणना गरिने छैन ।

(२) मुख हेर्न जाँदा सामान आदि बोकी जाने भरियाहरुलाई मुख हेर्न जाने व्यक्तिहरुको सङ्ख्यामा गणना गरिने छैन ।

(३) भोजमा काममा लगाएको व्यक्तिलाई आमन्त्रित व्यक्तिहरुको सङ्ख्यामा गणना गरिने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

**द्रष्टव्यः** केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।